# रुवी भ्याली पर्यटन दर्पण-२०८१

**People, Culture, Lifestyle, Landscape & Itinerary**




**रुवी भ्याली गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

बागमती प्रदेश, नेपाल

**नेपाली/English**



# रुवी भ्याली
# पर्यटन दर्पण-२०८१


**सम्पादकः**

बाबुराम फ्यूवा



## रुवी भ्याली गाउँपालिका

**सेर्तुङ, धादिङ्ग**

**बागमती प्रदेश, नेपाल**

**फोनः ९८५११७०७१३**

**ईमेलः** rubyvalleymun2017@gmail.com

**वेबः**www.rubivalleymun.gov.np

**रूवी भ्याली पर्यटन दर्पण-२०८१**

संस्करण : २०८१ पहिलो
लेआउट : प्रिन्टभ्यू डिजाइन एण्ड प्रिन्ट (बागबजार)
सर्वाधिकार : प्रकाशक
मुद्रण : एक्सप्रेस डिजाइनिङ्ग एण्ड प्रिन्टिङ प्रा.लि.
प्रति : ३००/- (नेपाली/English)
प्रवर्द्धक : हिमालयन सोसियल जर्नी
शब्द : बाबुराम फ्यूवा/गोपाल फ्यूवा/सोम बहादुर तामाङ
तस्वीर : रोशन फ्यूवा तामाङ/लुसाङ तामाङ/कुल बहादुर गुरुङ/सुक तामाङ/प्रकाश तमाङ

# रुवी भ्याली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ
बागमती प्रदेश,नेपाल


## शुभकामना

पर्यटन उद्योग मात्रै यस्तो उद्योग हो, जसको भारत, चीन र अन्य औधोगिक देशहरुसँग प्रतिशपर्धा बिना सञ्चालन गर्न सकिन्छ। हामीले हाम्रो देशभित्र रहेको कला, सँस्कृति, परम्परा, हिमश्रृँखलाहरु, ताल, पोखरी, धार्मिक स्थलहरुको नीतिगत योजनाबाट प्रवर्द्धन गर्न सक्नु पर्दछ। जसले गर्दा देशको आर्थिक, सामाजिक विकासमा ठुलो टेवा पुग्दछ। नेपाल विश्वको प्रमुख हिमालहरु, ताल, पौराणिक कला, सँस्कृति र जातिय बिविधताले भरिएको देश भएकोले पर्यटन विकास महत्वपूर्ण आर्थिक आधार हुन्। नेपालको ७७ जिल्लाहरुमध्ये धादिङ जिल्ला बिभिन्न हिमशिखरहरु, कुण्ड, तातो पानी, पासहरु, धार्मिक स्थलहरुले भरिपूर्ण एक जिल्ला हो। रुवी भ्याली गाउँपालिका जैविक विविधाताले भरिपूर्ण गाउँपालिका हो। यहाँ दुर्लभ पाँचऔँले,सर्पगन्ध,निर्मसी,कुट्की,यार्सा गुम्बा जस्ता दुर्लभ जडीबुटी पाईने गर्दछ। रुवी भ्यालीमा रेड रुवी,क्रिस्टल जस्ता विश्वमा पाईने महङ्गा स्टोनहरुको खानी नै रहेको छ। त्यसरी नै रूवी भ्याली गाँउपालिका पर्यटकिय स्थानहरुले परिचित पालिका हो जहाँ गणेश हिमश्रृँखला पर्दछ। यस्ता पर्यटकिय महत्वका स्थानहरुको नीतिगत प्रवर्द्धन र विकास गर्दै पालिकालाई देश तथा विदेशमा समेत परिचित गराउने उद्धेश्य अनुरुप पालिकाले नियमित रुपमा पर्यटन विकासमा टेवा पुग्ने प्रचार प्रसारका दस्ताबेजहरु तयार गर्दै आएको सर्वविदितै छ। पालिककाको बार्षिक नीति तथा कायर्क्रम अनुसार पालिकाभित्र रहेको प्राकृतिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकिय स्थानहरुको परिचय, पर्यटन नक्सा, भ्रमण तालिका सहितको "रूवी भ्याली पर्यटन दर्पण २०८१" ले वडास्तर सम्मको विवरण तयार गरिएको छ र यस दस्ताबेजबाट पालिकाले पर्यटन विकासको लागि आवश्यक नीति निर्माण, बजेट विनियोजन र प्रवर्द्धन गर्न सहयोग पुग्ने छ। यस "रूवी भ्याली पर्यटन दर्पण २०८१" तयार गर्न प्रत्यक्ष सहभागी भई सहयोग गर्ने ६ वडाकै अध्यक्ष ज्यूहरु लगायत कर्मचारीहरु धन्यवादका पात्र हुनुहुन्छ। **"रूवी भ्याली दर्पण २०८१"** तयार गर्न आवश्यक सूचना तथ्य, सँकलन गरी दर्पणको रुपमा तयार गर्ने टोलि र सहयोगीहरुलाई मुरिमुरि धन्यवाद। जय रूवी भ्याली !

रामसिंह तामाङ
अध्यक्ष


"खनिज, जडिबुटी, पर्यटन, जलश्रोत र विपद प्रतिरोधी पुर्वाधारः सुन्दर रुवी भ्यालीको आधारः"
इमेलः rubyvalleymun2017@gmail.com, वेबसाइटः rubivalleymun.gov.np, फेसबुक साइटः rubyvalleymun

रुवी भ्याली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

बागमती प्रदेश,नेपाल

## शुभकामना

रूवी भ्याली गाउँपालिका भित्र रहेको अथहा प्राकृतिक छटाहरु, धार्मिक, साँस्कृतिक, पोखरी,पर्यटन विकासका गतिविधिहरुलाई सँकलन गरी "रूविभ्याली पर्यटन दर्पण २०८१" लिखित दस्तावेजको रुपमा ल्याउन पाँउदा खुशी लागेको छ । जुन गाँउपालिकाको नियमित नीतिबमोजिम पालिकाभित्र रहेको पर्यटकिय स्थानहरुको सही रुपले प्रचार प्रसार गर्दै पालिकाको आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउने उद्धेश्य रहेको छ । यस "रूवी भ्याली पर्यटन दर्पण २०८१" ले पर्यटन विकासको लागि रूवी भ्याली गाउँपालिकाले गर्नु पर्ने नीति निर्माण तथा बजेट विनियोजनको लागि समेत दिशानिर्देश गर्नेछ । पर्यटन विकासको लागि गाँउपालिकाले आवश्यक सुचना प्रविधि, पूर्वाधार विकास, घरबास (होम स्टे), आन्तरीक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्न आवश्यक नीति लिएको छ । रूवी भ्याली गाँउपालिका पर्यटकिय स्थलहरु,रूविखानी, हिमशृँखला, बिभिन्न पासहरु, गुफा, ताल, पोखरीहरुले भरिपुर्ण भएको पालिका हो र यसको सही प्रचार प्रसार गरेर पालिकाले प्रचुर फाईदा लिन सकिने देखिन्छ र यस "रूवी भ्याली पर्यटन दर्पण २०८१" ले ठुलो सहयोग पुग्ने विस्वास समेत लिएकोछु ।

धन्यवाद ! जय रूविभ्याली !

------------

उपाध्यक्ष

"खनिज, जडिबुटी, पर्यटन, जलश्रोत र विपद प्रतिरोधी पुर्वाधारः सुन्दर रुवी भ्यालीको आधारः"

इमेलः rubyvalleymun2017@gmail.com, वेवसाइटः rubivalleymun.gov.np, फेसबुक साइटः rubyvalleymun

रुवी भ्याली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

बागमती प्रदेश,नेपाल


रुवी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश,नेपाल

## मेरो भनाई

रुवी भ्याली गाँउपालिकाले गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेको पर्यटकिय, धार्मिक, साँस्कृतिक बस्तुस्थितिलाई आन्तरिक तथा वाह्य समुदाय बीच परिचित गराउँदै गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउने उद्देश्य लिएको छ। गाउँपालिकाले लिएको नीति बमोजिम यस पालिकाभित्र रहेका हिम श्रृंखलाहरु, ताल तलैया, पोखरी, धार्मिक तथा साँस्कृतिक महत्व समेट्दै वडागत वस्तुस्थिति सहितको **"रुवी भ्याली पर्यटन दर्पण २०८१"** निकाल्न लागेकोमा खुशी व्यक्त गर्दछु। यस रुवी भ्याली पर्यटन दर्पण मार्फत रुवी भ्याली गाँउपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सम्पूर्ण पर्यटकिय, धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरुको परिचय, साँस्कृतिक महत्व र गन्तव्य मार्ग सहितको विवरण प्रकाशनले गाउँपालिकाको आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बिश्वास समेत लिएको छु।

सजाराम खतिवडा
(प्रमुख प्रशासकीय अधिकृत)

# रूवी भ्याली गाउँपालिकाको मार्ग चित्र




Daman Pakhrin Marga (Sangkosh-Tipling Road) | Sub Way | Foot Trail | Climbing Route


1 No. Ward | 2 No. Ward | 3 No. Ward | 4 No. Ward | 5 No. Ward | 6 No. Ward



# विषयसूचि


| विषय | पेज नं. |
|---|---|
| रूवी भ्याली गाउँपालिकाको सङ्क्षिप्त परिचय | १ |
| Brief Introduction of Ruby Valley Rural Municipality | २ |
| वडागत परिचय र वस्तुस्थिति | |
| वडा नं १ | ७ |
| Ward No.1 | ९ |
| वडा नं २ | १० |
| Ward No. 2 | १२ |
| वडा नं ३ | १३ |
| Ward No. 3 | १५ |
| वडा नं ४ | १६ |
| Ward No. 4 | १८ |
| वडा नं ५ | १९ |
| Ward No. 5 | २१ |
| वडा नं ६ | २३ |
| Ward No. 6 | २४ |
| हिमश्रृङ्खलाहरू तथा मार्ग चित्र | २५ |
| Mountain Range and Itinerary | २६ |
| सेदाच्यात (Seda Chyet) | २७ |
| धार्मिक तथा पर्यटकिय स्थलहरू | २८ |
| Historical & Tourism Destinations | २९ |
| दोगरतम्बा | ३० |
| Dogartamba | ३१ |
| तातोपानी (Tato Pani) | ३२ |
| पाङसाङ भञ्ज्याङ | ३३ |
| Pangsang Pass | ३५ |
| सिङल्हा (Singlha) | ३६ |
| संस्कृति तथा जनजीवन (Culture & Life Style) | ३८ |
| रूवी | ३९ |
| Ruby | ४० |
| Great Himalayan Trail In Ruby Valley | ४१ |
| पालिकाको पहल कदमीहरू (Initiatives of the Municipality) | ४२ |
| पालिकाको पर्यटकिय केहि सम्भावनाहरू (Some Touristic Possibilities of the Municipality) | ४३ |
| फोटो ग्यालरी/PHOTO GALLERY | ४४ |
| जरूरी सम्पर्क नम्बरहरू (Important Contact Numbers) | ५२ |

# रुवी भ्याली गाउँपालिकाको नक्सा






# रुवी भ्याली गाउँपालिकाको सङ्क्षिप्त परिचय

## अवस्थित

| | |
|---|---|
| अक्षांश | २७°५५' उत्तरदेखि २८°३३' उत्तरसम्म |
| देशान्तर | ८४°५०' पूर्वदेखि ८५°२०' पूर्वसम्म |

## विभाजन

| | |
|---|---|
| प्रदेश | बागमती |
| जिल्ला | धादिङ्ग |
| निर्वाचन क्षेत्र | २ |
| वडा | ६ |
| पालिकाको कार्यालय, वडा नं. ४ अवाई | |

## पालिकाको सिमाना

| | |
|---|---|
| पूर्व | आमाछोदिङ्मो गाउँपालिका, रसुवा |
| पश्चिम | धार्चे गाउँपालिका, गोरखा |
| उत्तर | चीनको स्वशासित क्षेत्र तिब्बत |
| दक्षिण | खनियाबास र गँगाजमुना गाउँपालिका, धादिङ्ग |

## प्रमुख नदीहरू

आँखु, अता, म्हरस्योङ, स्योम्दङ, मच्येत, नेवेर, गोग्र्यान, वाविल, फोवा, गल्दी जस्ता खोलाहरू यहाँका प्रमुख नदीनालाहरू हुन् ।

## मुख्य ताल पोखरी

कालो दह, सेतो दह, गणेश कुण्ड, दोङदेन कुण्ड, ङ्हर ङयेहे

## धार्मिक तथा पर्यटकीय स्थलहरु:

सलासुङ्गो, पाविल, प्याल्दोर पिक, गणेश हिमाल, कालो दह, सेतो दह, गणेश कुण्ड, दोङ्देन कुण्ड, प्याल्दोर, सिङ्ल्हा, फेन्चेत, दुङ्सेल झरना, गोठेन च्याम्ब्रा देवी, डुप्च्यु, सेदाचेत, ब्राकरचो, गोठेन, गोमफुक, ल्हादेन, जोङ्जो जस्ता नयाँ पर्यटकीय स्थानहरू विकास गर्ने क्रममा रहेका छन् ।



## प्रमुख हिमश्रृङ्खलाहरु

सलासुङ्गो, पाविल, प्याल्दोर पिक, गणेश हिमाल आदि हुन् ।

## हावापानी

यो पालिका समूद्री सतहबाट ५०० देखि ७०४३ मिटरमा अवस्थित रहेकोले टुण्ड्रा, लेकाली, ठण्डा शीतोष्ण, समशीतोष्ण र अर्धउष्ण हावापानी पाईन्छ ।


## सुरक्षा निकाय

सेर्तुङ प्रहरी चौकी, गाउँपालिका प्रहरी,

रूवी भ्याली गाउँपालिका बागमती प्रदेश, धादिङ्ग जिल्लामा पर्दछ । रूवी भ्याली हिमालको काखमा अवस्थित यस पालिकाको कुल क्षेत्रफल ४०१.८५ वर्ग किलोमिटर छ । भौगोलिक हिसाबले ८४$^{0}$ ५०′ पूर्वदेखि ८५$^{0}$ २०′ पूर्वसम्म देशान्तर सम्म र २७$^{0}$ ५५′ उत्तरदेखि, २८$^{0}$ ३३′ उत्तरी अक्षांशा सम्म फैलिएको छ । यो गाउँपालिकाको उत्तरमा तिब्बत, चीन, पश्चिमतर्फ धार्चे गाउँपालिका, गोरखा, दक्षिणमा खनियाबास र गँगाजमुना गाउँपालिका र पूर्वमा आमाछोदिङ्मो गाउँपालिका रसुवा छन् । समुन्द्रि सतहको ५०० मिटर देखि ७०४३ मिटरको उचाई सम्म यो गाउँपालिका फैलिएको छ । यो गाउँपालिका राजधानी काठमाण्डौ बाट करिब १३० कि.मी. उत्तरपश्चिममा अवस्थित छ । यस गाउँपालिका धादिङ्ग जिल्लाकै सबैभन्दा ठूलो गाउँपालिका हो । यो गाउँपालिका अविरल वगिरहने आँखु नदीको शिरमा पर्दछ । यस गाउँपालिका साबिक तिप्लिङ, सेर्तुङ र लापा गाविसहरू मिलाएर बनेको छ । यस गाउँपालिकाको मुख्य पर्यटकीय स्थल गणेश हिमाल हो । यहाँका बासिन्दाहरूको मुख्य विशेषता भनेको धार्मिक र साँस्कृतिक विविधतामा एकता हो । यहाँ विभिन्न धर्मका अनुयायीहरू जस्तै हिन्दु, बौद्ध र क्रिश्चियनहरूको बसोबास रहेको छ । जसले सर्वलौकिक संस्कृती झल्काउछ । यहाँको मुख्य भाषा तामाङ, नेपाली, गुरूङ, नेवारी हो । यस क्षेत्रको मुख्य आयस्रोतहरू कृषि, पशुपालन, जडिबुटी ब्यबसाय आदि हुन् । जल स्रोतको धनी रहेको यो गाउँपालिकामा साना र ठुलो गरी करिब ५ वटा जलविद्युत आयोजनाहरू छन् । राष्ट्रिय जनगणन २०७८ अनुसार रूवी भ्याली गाउँपालिकाको कुल जनसँख्या १०,७८१ रहेको छ । जसमध्ये पुरूष ५३५० (४०.७ प्रतिशत) महिला ५४२२ (५०.३ प्रतिशत) छ ।



रूवि भ्याली गाउँपालिकाको नवनिर्मित प्रशासकिय भवन



## Brief Introduction of Ruby Valley Rural Municipality

### COORDINATES:

| |
|---|
| Latitude 27°55'N to 28°33'N |
| Longitude 84°50' East to 85°20' East |

### DIVISION

| | |
|---|---|
| Province | Bagmati |
| District | Dhading |
| Constituency | 2 |
| Ward | 6 |
| Municipal Office, Ward No. 4 | |

### MUNICIPAL BOUNDARIES

| |
|---|
| East: Amachhodingmo Rural Municipality, Rasuwa |
| West: Dharche Rural Municipality, Gorkha |
| North: Tibet Autonomous Region of China |
| South: Khaniabas and Gangajmuna Rural Municipality, Dhading |

### MAJOR RIVERS

Ankhu, Ada, Mhasryong, Syomdang, Machyet, Neber, Gorgen River , Babil, Phowa, Galdi are the main rivers.

### MAJOR LAKES

Kalo Daha, Seto Daha, Ganesh Kund, Dongden Kund, Nghar Ngyehe

## MAJOR RELIGIOUS AND TOURISTIC PLACES:

Salasungo, Pawil, Paldor Peak, Ganesh Himal, Kalo Dah, Seto Dah, Ganesh Kund, Dongden Kund, Paldor, Singla, Fenchet, Dungsel Jhana, Gothen Chyamra Devi, Dupchyu, Sedachet, Brakarcho, Gomphuk, Lhaden, Jongjo are major religious and Touristic places of the Municipality.



## MAJOR MOUNTAINS

Salasungo, Pabil, Paldor Peak, Ganesh Himal


## CLIMATE

As this municipality is located at 500 to 7050 meters above sea level, it has tundra, lekali, cold temperate, temperate and subtropical climate.

## SECURITY AGENCY

Sertung Police Station, Municipality Police Team

Ruby valley Rural Municipality is located in Bagmati Province, Dhading District. Located in the lap of Ganesh Himal. This rural municipality has a total area of 401.85 square kilometers. Geographically, it extends from 84° 50' east to 85° 20' east longitude and 27° 55' north to 28° 33' north latitude. This rural municipality shares its northern border with Tibet, China, western border with Dharche Rural Municipality, Gorkha, southern border with Khaniyabas and Gangajmuna Rural Municipality and eastern border with Amachodingmo Rural Municipality Rasuwa. This rural municipality is spread from 500 meters above sea level to 7050 meters above sea level. This rural municipality is located about 130 km northwest of the capital Kathmandu. This rural municipality is the largest rural municipality of Dhading district. It is located at the head of the Ankhu River, which flows incessantly in this village. There are 6 wards in this rural municipality. The wards are divided by previous VDCs Tipling, Sertung, and Lapa. Ganesh Himal and Salasungo are the main tourist spots of this rural municipality. The main characteristic of the residents here is unity in religious and cultural diversity. It is inhabited by Hindus, Buddhists, and Christians. Which reflects the universal culture. The main languages are Tamang, Nepali, Gurung, Newari and Ghale. As the main resident of this village is Tamang. People are performed Tamang's art culture, Dora, Mhendomaya songs. Ghatu dance can be observed in the Gurung community. The main sources of income in this area are agriculture, animal husbandry, herbal business etc. This rural municipality has about 5 small and large hydropower projects. According to the National Census 2078, the total population of Ruby valley Rural Municipality is 10,781. There are 5359 (49.7 percent) males and 5422 (50.3 percent) females.



# वडा स्तरिय परिचय र वस्तुस्थिति

## १ नं. वडा

रूवी भ्याली १ उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा वडा नं. २, पूर्वमा आमाछोदिङ्मो पालिका, रसुवा र पश्चिममा वडा नं. ४ सिमानाभित्र १३०.६६ वर्ग कि.मी. ओगटेर रहेको छ । समुन्द्री सतहबाट १६३० मिटर देखि ७०४३ मिटरको उचाइमा रहेको छ । यस वडाभित्र तामाङ, घले, दलित जातजातिहरू रहेका छन् । जसको जम्मा जनसंख्या २०७८ अनुसार १८९८ (पुरूष ९७८ र महिला ९२०) रहेका छन् । यस वडाभित्र ४७९ घरधुरी रहेको छ भने यसको वडा कार्यालय लप्दुङ मा रहेको छ । यस वडाबाट पालिका कार्यालय पुग्न ६ किलोमिटर सडक सञ्जालले जोडिएको छ । यस वडा लप्दुङ, फ्याङ, पुरू, लिङ्चो, सोम्दाङ बस्तीहरू मिलेर बनेको छ । जुन बस्तीहरूको प्राकृतिक मनोरम छटाहरूले वडालाई अझ मनमोहक बनाएको छ । यस वडाभित्र प्याल्दोर, गोम्फुक, दुङ्गसेल झरना, दोङ्गदेन कुण्ड, दोगरताम्बा, पाङसाङ म्हाने, तातोपानी, जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरू रहेका छन् । गाउँपालिकाको पहलमा पाङसाङ, प्याल्दोर बेस क्याम र जस्ता खानी जस्ता नयाँ गन्तव्य स्थानहरूको विकास गर्ने नीति लिएको छ । वडाभित्र आधुनिक कृषि उत्पादनको पहल कदमी लिएको छ, जसले गर्दा स्याउ, फलफुल खेती, सिमि, आलु, बेमौसमी तरकारी उत्पादन बढेको छ । यस वडा भित्र ३ वटा आधारभूत बिद्यालयहरू छन् । जहाँ ७६ विद्यार्थीहरू अध्ययन गर्दछन् । यस वडाभित्र १ वटा स्वास्थ्य चौकी रहेको छ ।

### तातो पानी र अमिलो पानी - लिंगजो


यो सबैभन्दा महत्वपूर्ण सांस्कृतिक साइटहरू मध्ये एक हो । लिङ्जो चट्टानको पर्खालमा रहेको ढुङ्गाको खाडलबाट प्राकृतिक रूपमा तातो अमिलो पानी निस्कने भएकोले यस ठाउँलाई "तातो अमिलो पानी" भनिन्छ । तातो र अमिलो पानी स्वास्थ्यका लागि फाइदाजनक हुने स्थानीयको विश्वास छ । हरेक वर्ष कार्तिक र चैत्र महिनामा मनाइने चाडपर्वमा विभिन्न ठाउँबाट मानिसहरू तातो अमिलो पानीले पिउने र नुहाउन आउने र खाना खाएर नाचगान मनाउने गर्दछन् । यस ठाउँको पानी पिउँदा पेट तथा छालाको रोग निको हुने जनविश्वास छ ।



तातो अमिलो पानी
Hot Sour Water



ढुङसेल झरना
Dungsel Falls




China Boder

Municipality Boder

Ward Boder

Ward Office

## वर्तमान जनप्रतिनिधिहरू

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | पम्बर तामाङ | वडा अध्यक्ष | ९८६९३७१००५ |
| २. | काले थापा तामाङ | सदस्य | ९८६२८३४६८५ |
| ३. | विनी लामा | सदस्य | ९८६२७९०४६८ |
| ४. | डरानी घले | सदस्य | ९८४०८२८३३१ |
| ५. | रसमाया कामी | सदस्य | ९७४६४३६६२७ |
| ६. | हिमाल घले | का. पा. स. | ९८६२११६१६१ |

## Level Introduction and Facts

### Ward 1

Ruby Valley Ward No. 1, is surrounded by Tibet Autonomous Region of China to north, ward no. 2 to south, Amachhodingmo Rural Municipality Rasuwa to east and ward no. 4 to west. Its covers total area 130.66 sq km. It is situated at an altitude of 1630 meters to 7043 meters above sea level. Tamang and Ghale are the major caste group of the ward. The total population is 1898 (male 978 and female 920) according to 2078. There are 479 households in this ward. Its ward office is in Lapdung. The municipality office is connected by road of 6 kilometers from ward office. This ward consists of Lapdung, Fyang, Puru, Lingcho, Somdang, Machet, Selele settlements. The natural picturesque shades of the settlements have made the ward more attractive. There are places of religious and cultural importance like Pyaldor, Gomfug, Dungsel water fall, Dongden pound, Dogartamba, Pansangpass, Hot spring water. The rural municipality has been taken policy to develop new destination places such as like Pangsang pass, Paldor Base Cam and Somdang Metal company areas. The initiative of modern agricultural production has been taken step by step within the ward as a result of which fruit cultivation and off-season vegetable production has increased. There are 3 basic schools within this ward and 76 students are studying. There is a health center in this ward.

#### Tato Pani & Amilo Pani - Lingjo

This is an important cultural and historical spot of the area. Natural hot and sour spring water comes from the big rock site. The site is known as Tato and Amilo pani. Local people belief that hot and sour water is good for health. The people are come from different areas to drink and bath on Kartik and Chaitra month in every year. The people belief that Hot and Amilo pani cure skin and stomach related diseases.



## २ नं. वडा

रूवी भ्याली वडा नं. २, उत्तरमा वडा नं. १, दक्षिणमा वडा नं. ३ र ४, पूर्वमा वडा नं. ३, पश्चिममा वडा नं. ४ रहेको छ । समुन्द्री सतहबाट १५०० मिटर देखि २५२५ मिटरको उचाइमा रहेको छ । यो वडा ५.०४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस वडाभित्र तामाङ, घले, दलित जातजातिहरू रहेका छन् । जसको जम्मा जनसंख्या २०७८ अनुसार १६५१ (पुरुष ८२९ र महिला ८२२) रहेको छ । यस वडाभित्र ३८९ घरधुरी रहेको छ भने यसको वडा कार्यालय ठुलोगाँउमा रहेको छ । यस वडाबाट पालिका कार्यालय पुग्न ५ किलोमिटर सडक सञ्जालले जोडिएको छ । यस वडा लप्दुङ, ठूलो तिप्लिङ गाउँ, दलित गाउँ, दुर्वाङ बस्तिहरू मिलेर बनेको छ । जुन बस्तीहरूको प्राकृतिक मनोरम छटाहरूले वडालाई अझ मनमोहक बनाएको छ । सबै बस्तीहरूमा सडक सञ्जालले जोड्ने निति लिएको छ । हिउँदमा सजिलै सबै बस्तीहरूमा पुग्न सकिन्छ । यस वडाभित्र गोठेन, टाशी छेजुङ गुम्बा जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका स्थान रहेका छन् । गाउँपालिकाको पहलमा रूवी भ्याली भ्युप्वाईन्ट जस्ता नयाँ गन्तव्य स्थानहरूको विकास गर्ने नीति लिएको छ । वडाभित्र आधुनिक कृषि उत्पादनको पहल कदमी लिएको छ, जसले गर्दा टनेल खेती, बेमौसमी तरकारी उत्पादन बढेको छ । यस वडाभित्र १ माध्यामिक बिद्यालय १ आधारभूत बिद्यालयहरू छन् । जहाँ २२७ विद्यार्थीहरू अध्ययन गर्दछन् । यस वडाभित्र १ स्वास्थ्य चौकी रहेको छ ।

### गोठेन डाँडा:

रूवी भ्याली गाँउपालिका अन्तर्गत वडा नं. २ को शिरमा पर्ने गोठेनलाई देवीको रूपमा विशेषत झाँक्रीहरूले पुज्ने गरेको पाइन्छ । प्रत्येक २ वर्षमा भदौ पुर्णिमामा झाँक्री नाचको ठुलो मेला लाग्ने गर्छ । झाँक्रीभन्दा १ दिन अगाडि लामा गुरूहरू गई पुजा अर्चना गरेपछि भोलिपल्ट स्थानीय युवायुवती, वृद्धवृद्धा, बालबालिकाहरू सहित झाँक्रीहरू नाच्दै गोठेन पुग्दछन् र दिनभरि नाचेर बेलुकी गाँउ फर्कने गर्दछन् । यहाँ पुजा गर्नाले गाउँमा सुख शान्ति हुने, दुःख विमार नहुने, मनोकामना पुरा हुने जनविश्वास छ ।




## २ नं. वडाको नक्सा




Ward Boder

Ward Office




| वर्तमान जनप्रतिनिधिहरू | | | |
|---|---|---|---|
| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्बर |
| १. | रूपा घले | वडा अध्यक्ष | ९८६३६४७०९२ |
| २. | योहन थापा तामाङ | सदस्य | ९८४०५३४६२१ |
| ३. | काले घले | सदस्य | ९८६३३८६०१८ |
| ४. | धन माया तामाङ | सदस्य | ९८४०३३०८६३ |
| ५. | सार्किनी कामी | सदस्य | ९७४९४२६७४६ |
| ६. | आइत घले | का. पा. स. | ९८५१०१३२२४ |

## Ward 2

Ward No. 2, is surrounded by ward No.1 to north, ward No. 3 and 4 to south, ward No. 4 to west and 3 to east. It is 1500 meter to 2525 meter from the sea level. This ward covers total 5.04 sq km. area of the Palika. Tamang, Ghale, and Dalit are the major ethnicities of the ward. The total population is 1651 (829 male and 822 female) according to 2078 an there are 389 households in this ward. The ward office is located in the Thulogaon village. A 6 km road network is connected to the municipality office from this ward. This ward is consist of Thulogaon, Kamigaon, Durbang settlements. The natural picturesque shades of the settlements have made the ward more attractive. All the settlements are planned to connect by road network. There are places of religious and cultural importance like Dongdenpokhari, Gothen, Tasi Chhejung Monastery within this ward. The municipality has initiated to new tourist destinations. Initiatives of modern agricultural production have been taken in the ward, and off-season vegetable production has increased. There are 1 basic school and 1 secondary school in this ward. Where 227 students study. There are 1 health posts within this ward.

### Gothen:

Gothen is situated on the top of ward No 2 of Ruby Valley Rural Municipality. Generally Bombos are offered to Gothen as a Devi. The Bombos are celebrated festival on Bhadra Purnima in every two year. Lamas prayer in the Gothen one day before reaching the Bombos with the dances of local youth and senior citizens. They prayer whole day and return back to village in evening. The local people believe that they got peace, happiness, good health and wealth after praying the Gothen Devi.



## ३ नं. वडा

रूवी भ्याली वडा ३, उत्तरमा वडा नं. २, दक्षिण, पूर्व र पश्चिममा वडा नं. ४ रहेको छ । समुन्द्री सतहबाट १५३५ मिटरको देखि २६०० मिटरको उचाइमा रहेको छ र यो वडा ४.७५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस वडाभित्र तामाङ, नेवार, दलित जातजातिहरू रहेका छन् । जसको जम्मा जनसंख्या २०७८ अनुसार १५७० (पुरुष ७८५ र महिला ७८५) रहेको छ । यस वडाभित्र ४१७ घरधुरी रहेको छ । यसको वडा कार्यालय सेर्तुङ्मा रहेको छ । यस वडाबाट पालिका कार्यालय पुग्न २ किलोमिटर सडक सञ्जालले जोडिएको छ । यस वडा बर्कप, सेताचेत, खर्सा, सेर्तुङ, बस्तीहरू मिलेर बनेका छन् । जुन बस्तीहरूको प्राकृतिक मनोरम छटाहरूले वडालाई अझ मनमोहक बनाएको छ । सबै बस्तीहरूमा सडक सञ्जालले जोड्ने काम जारी छ । यस वडाभित्र ब्राकरजो, च्याम्ब्रा देवी, फेन्चेत गुम्बा, सेदाचेत, पाङगङ गुम्बा, फ्यान्च्यात गुम्बा जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरू रहेका छन् । वडाभित्र आधुनिक कृषि उत्पादनको पहल कदमी लिएको छ, जसले गर्दा टनेल खेती, बेमौसमी तरकारी उत्पादन बढेको छ । यस वडाभित्र १ माद्यामिक बिद्यालय र १ आधारभूत बिद्यालयहरू छन् । जहाँ ३१८ विद्यार्थीहरू अध्ययन गर्दछन् । यस वडाभित्र १ स्वास्थ्य चौकी रहेको छ ।

### फ्यान्च्यात गुम्बाः

यस फ्यान्च्यात गुम्बा अन्दाजी १० पुस्ता अगाडि स्थापना भएको अनुमान गरिन्छ । तत्कालिन समयमा सोही ठाँउको ब्रागर भन्ने ठाँउमा घले राजाले शासन गरेको स्थानीय अग्रजहरू बताउनु हुन्छ । यसै पालिकाको वडा १ मा पर्ने गोठेन गङमा अर्को घले राजाको दरबार रहेको भग्नावेशेषहरू हाल पनि देख्न सकिन्छ । त्यसबेलाको राजाले प्रयोग गर्ने पानीको मुहानमा दुष्मनहरूले बिष हाली देलान् भनि कुरुवा घर बनाइ कुरूवा समेत राखेको भनाइ पाइन्छ । कुरूवाले प्रत्येक औंसी पूर्णिमामा पानीको मुहान भित्रबाट लामाले प्रयोग गर्ने बाजागाजाको अवाज सुनिने कुरा राजालाई सुनाउछ । राजाले यम्बुबाट छेसिङ डुप नाम गरेको लामा रिम्पोक्षे ल्याइ पुजापाठको जिम्मा लगाएको किम्बदन्ती पाइन्छ । रिम्पोक्षे आमाको पेटमा हुँदा नै आमाले जाँतो पिँदा घण्टी बचेको सुन्ने शक्ति भएको भनाइ पाइन्छ । छेसिङ डुप रिम्पोक्षे फ्यान्च्यात र यम्बु आवतजावात गरिरहने क्रममा बाटोमा पर्ने त्रिशुली बट्टारमा एक जना प्रेमिकाले खानामा बिष खुवाई मृत्यु भएको भनाइ पाइन्छ । छेसिङ डुपको मृत्युपछि उहाँको नातेदारहरूले राजाले प्रयोग गर्ने पानीको मुहान सामुन्ने ढोका पर्ने गरी फ्यान्चेत गुम्बा निर्माण गरिएको भनाइ रहेको छ । उक्त गुम्बाको हाल पुनःनिर्माण भइरहेको छ । तत्कालिन गोरखाका राजा पृथ्वी नारायण शाहले यसै गुम्बाको शक्तिशाली लामालाइ प्रयोग गरी कीर्तिपुर किम्बु गाँउको मानिसहरूलाई रगत छदाएर मारेको किम्बदन्ती रहेको स्थानीयहरू बताउछन् ।


## ३ नं. वडाको नक्सा



फ्याञ्च्यात गुम्बा
Fyanchyat Monastery



सेदा च्यात
Seda Chyat




Ward Boder

Ward Office

## वर्तमान जनप्रतिनिधिहरू

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | फेदोर्जे तामाङ | वडा अध्यक्ष | ९८४९७८७३१३ |
| २. | तर्सिँ तामाङ | सदस्य | ९८६२७४८०८७ |
| ३. | विनोद तामाङ | ,, | ९८४३०४४६२६ |
| ४. | प्रीति तामाङ | ,, | ९८६२५८५१५८ |
| ५. | वल माया कामी | ,, | ९८४७६९८६३७ |

## Ward 3

**Ruby valley Ward 3 is surrounded by Ward No. 2 to north, Ward No 4 to south, east and west. It is at an altitude of 1535 meter to 2600 meter.**

This ward covers total 4.75 square km of the palika. Tamang, Newar and Dalit are major castes group of the ward. The total population is 1570 (male 785 and female 785) according to 2078 CBS. There are 417 households in this ward and ward office is in Sertung. Around 2 km road network has connected to the municipality office from this ward office. This ward consists of Bargap, Sedachyat, Kharsa, Sertung settlements. The natural picturesque of the settlements have made the ward more attractive. The palika has planned to connect the all settlements by road network. There are places of religious and cultural importance like Bragarjo, Chyamra Devi, Pangang Monastery, Fenchyat Monastery, Sedachyat in this ward. The Municipality has been taken to develop new destinations such as rock climbing training center. The initiative of modern agricultural, production has been increase in the ward, off-season vegetable production has increased. There are 1 secondary school and 1 basic school in this ward. Where 318 students study. There are 1 health posts within this ward. There is 1 health post in this ward.

### Fyanchet Monastery:

Phenchyet monastery had established before around 10 generation. In the same time Ghale king had ruled on Bragar near Phenchyet. The ruins of another Ghale king's palace can still be seen at Gothen under the ward No. 1. It is said that enemies could poisoned the water source used by the King of Phenchyet. A room had build near the water source for the guard. The guard heard the musical sound in the water source every Purnima and Aushi. The guard informed to the king regarding the musical sound. Then King brought a Lama name's Chhesing Dup from Yambu for the prayer. It was said that the Chhesing Dup rempoche had power to hear the musical sound when he was in mother's womb. It is said that a girlfriend poisoned in his food near Battar Nuwakot. He was died while he used to travel Phenchyet to Yambu. It is said that after death of Chhesing Dup, his relatives built the Phenchyet Gumb in front of the water source used by the King. The Gumba is currently being reconstructing by government. Local people say that King Prithvi Narayan Shah used the powerful lama of the Gumba to kill the people of Kirtipur Kimbu village by his spiritual power.

रूवी भ्याली वडा नं. ४, उत्तरमा चिन, दक्षिणमा खनियाबास गाँउपालिका, पूर्वमा वडा नं. १ र ३, पश्चिममा वडा नं. ५ रहेको छ । समुन्द्री सतहबाट १०५५ मिटरदेखि ६९५० मिटरको उचाइमा रहेको छ । यो वडा ११६.४५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस वडाभित्र तामाङ, गुरूङ, नेवार, दलित जातजातिहरू रहेका छन् । जसको जम्मा जनसंख्या २०७८ अनुसार १७०१ (पुरूष ८३९ र महिला ८६२) रहेका छन् । यस वडाभित्र ४१९ घरधुरी रहेको छ । यसको वडा कार्यालय बोराङमा रहेको छ । यस वडाबाट पालिका कार्यालय पुग्न २ किलोमिटर सडक सञ्जालले जोडिएकोछ ।

यस वडा चालिस, हिन्दुङ, अवाई, रवा, पेन्तेस्या र बोरङ बस्तीहरू मिलेर बनेका छन् । जुन बस्तीहरूको प्राकृतिक मनोरम छटाहरूले वडालाई अझ मनमोहक बनाएको छ । सबै बस्तीहरूमा सडक सञ्जालले जोड्ने क्रममा छ । यस वडाभित्र डुब्ज्यु, शिव मूर्ति, कालो दह, सेतो दह, तातो पानी, पेन्तेस्या, सिङल्हा क्षेत्र जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरू रहेका छन् । वडाभित्र आधुनिक कृषि उत्पादनको पहल कदमी लिएको छ, जसले गर्दा टनेल खेती, बेमौसमी तरकारी उत्पादन बढेको छ । यस वडाभित्र १ माध्यामिक बिद्यालय र ३ आधारभूत बिद्यालयहरू छन् । जहाँ ३८३ विद्यार्थीहरू अध्ययन गर्दछन् । यस वडाभित्र २ स्वास्थ्य चौकी रहेका छन् ।

## डुब्ज्यु:

रूबी भ्याली गाउँपालिका वडा ४ अन्तर्गतको झुरुप्प परेको बराङ गाउँ छ । त्यही गाउँको शिरानमा एक ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थान छ । जसको नाम हो डुब्ज्यु । सबैभन्दा माथि गलैचा बिछ्याएको जस्तो सुन्दर समथर अनि तर्पङ्गे चउर अनि पाटन । त्यसपछि भिरालोमा लेकाली घना जंगलको ठूलो क्षेत्रफल कटेपछि डरलाग्दो बुट्टेदार चट्टानहरूको पहरा रहेको छ । त्यही चट्टानभित्रबाट बगिरहेको पानीको आवाज सुनिन्छ । पहराको फेदमा समतल स्थान र त्यसको तल सुन्दर बराङ गाउँ । ती पहराबाट ऐतिहासिक कालखण्डदेखि हरेक वर्षको माघे संक्रान्तिमा पानी निकाल्ने मेला लाग्दछ । तामाङ गाउँहरूमा बिभिन्न शक्ति केन्द्रहरू हुन्छन् । ती मध्येमा बराङ गाउँको शिरानमा पनि एक केन्द्र रहन गयो । यसमा माघेसंक्रान्तिमा बोम्बोहरू प्रार्थना गर्न लापा, तिप्लिङ र झार्लाङदेखि आउँदछन् । पौष मसान्तको राती त्यहाँ पुगेर प्रार्थनाद्धारा डरलाग्दो बुट्टेदार पहराको फेदमा रहेको कुवाहरूमा पानी निकाल्ने काम गर्दछ । यसको रातभर जाग्राम बसेर फलाक्ने गर्दछन् । कसले फलाकेको कुवामा छिटो र बढी पानी निकाल्ने भन्ने अघोषित प्रतिस्पर्धा नै हुन्छ । बोम्बोसँग आएका श्रद्धालु भक्तजनहरू दोरा नाच्ने, सइखोले म्हेन्दोमाया गाउँन नाँच्ने, सोइ सोइ बोम्बो सोइ सोइ गाएर नाँच्ने गर्दछन् । बराङका स्थानीय बोम्बोले भने जिन्दा एक ल्हेकोर पुग्दा गरिने तामाङ संस्कार फप्पा पनि गर्दछन् । तिर्थालु भक्तजनहरू मन्त्रेर कुवामा निस्किएको पानीमा नुहाउने पनि गर्दछन् अनि प्रसादको रूपमा जल घरमा लाने गर्दछन् । यसरी निकालिएको पानी पिउदा, नुहाउदा शरीरमा रहेका रोगब्याधी (बर्ज्या) पखालिन्छ भन्ने जनविश्वास रहेको छ ।

## ४ नं. वडाको नक्सा













| वर्तमान जनप्रतिनिधिहरू | | | |
|---|---|---|---|
| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्बर |
| १. | प्रशान्त तामाङ | वडा अध्यक्ष | ९८६०६४९०९९ |
| २. | सार्कीरोङ तामाङ | सदस्य | ९८६०५३७२१६ |
| ३. | कोस्या तामाङ | ,, | ९८४०८२८३३१ |
| ४. | सुस्मिता गुरूङ | ,, | ९८५३८३४६४९ |
| ५. | देवि वि.क. | ,, | ९८४४११०४२४ |

## Ward 4

Ward No. 4, is surrounded by China to north, ward 1 and 3 to east, Khaniyabas Rural Municipality to south and ward No. 5 to west. It is at an altitude of 1055 meters to 6950 meters from the sea level. This ward covers an area of 116.45 sq km. of the palika. Tamang, Gurung, Dalit are major castes in this ward. The total population is 1701 (male 839 and female 862) according to 2078 CBS. There are 419 households in this ward and ward office is in Borang village. A 2 km road network has connected to reach the municipality office from this ward office. This ward consists of Chalis, Hindung, Awai, Habra, Pentesya and Borang settlements. The natural picturesque of the settlements have made the ward more attractive. Road network is in the process of connecting all the settlements. There are places of religious and cultural importance such as Dubju, Shiva Murti, Tatopani, Pentisya. The rural municipality has adopted a policy to develop new destinations such as Barkhab Danda and Machet. The initiative of modern agricultural, production has been taken increase in the ward, off-season vegetable production has increased. There are 1 secondary school and 3 basic schools within this ward. Where 383 students study. There are 2 health centers in this ward.

Dupjyu:
There is a barang village in Ruby valley Rural Municipality ward 4. There is a historical, religious and cultural place in the top of the village, named Dubju. The area is plan with beautiful garden with flated plants. After passing a large area of dense forest on the slopes, there is a spot of scary butted rocks. The sound of water flowing from inside the rock is heard. A plan place at the top of rock and the beautiful Borang village is siutated under the rock. A water extraction fair is held every year during Maghe Sankranti since the historical period. There are different power centers in Tamang villages. Among them, there was a center in top of Borang village. Bombos come from Lapa, Tipling and Jharlang to pray on Maghe Sankranti. Last night of Paush month Bombos reach there for offering water from the rock sides by prayer. They pray all night long. There is an unannounced competition as to who can drop more and faster water from the Kuwa. Devotees who come with Bombo do the dora dance, Saikhole, Mhendomaya and dances, Soi Soi Bombo Soi Soi sings and dances. The local Bombo of Barang, performs the Tamang ritual Fappa. The ritual is performed when a children reaches Lhekor. Devotees of festival take bath in the water released from the Kuwas. Devotees bring water with chanting in home as prasad. There is a strong belief that by drinking and the bathing the water all the diseases (Barjya) will be washed away from the body.

## ५ नं. वडा

रूवी भ्याली ५, उत्तरमा चीन र गोरखा जिल्ला, दक्षिणमा वडा नं. ६, पूर्वमा वडा नं. ४, पश्चिममा गोरखा जिल्ला रहेको छ । समुन्द्री सतहबाट १२०० मिटर देखि ७०५० मिटरको उचाइमा रहेको छ । यो वडा १०८.६३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस वडाको भौगोलिक अवस्था उत्तरी भाग समथर दक्षिणतिर अलि भिरालो भूभागले भरिएको छ । यस वडाभित्र तामाङ, गुरूङ, दलित जातजातिहरू रहेका छन् । जसको जम्मा जनसंख्या २०७८ अनुसार २८१९ (पुरूष १३६० र महिला १४५९) रहेका छन् । यस वडाभित्र ६८२ घरधुरी रहेको छ । यसको वडा कार्यालय लापा ठूलोगाँउमा रहेको छ । यस वडाबाट पालिका कार्यालय पुग्न ५ किलोमिटर सडक सञ्जालले जोडिएको छ । यस वडा ठूलोगाँउ, तयुङ, ब्रम्तङ, किचेत, नवेर, बस्तिहरू मिलेर बनेका छन् ।

### च्यात डेन (ठुलो चौर):

यस वडाभित्र पर्ने जोङ्जो चैते, बेल्बा ग्युङ ङ्या, ङ्यना ङ्या जस्ता स्थानिय मानव सँस्कृतिसँग जोडिएका स्थानहरू लगायत च्यात डेन (ठुलो चौर) एक सम्भावना बोकेको पर्यटकीय स्थल हो । यस स्थानबाट धादिङ जिल्लाकै कुम्पुर, ज्यामरूङ, गोरखा र नुवाकोटको म्यागङसम्म सजिलै देख्न सकिन्छ भने स्हिङल्ह, पाङसाङपास, प्याल्दोर हिमाल पनि देख्न सकिन्छ । यो नामैले ठुलो चौर भएकोले सम्म परेको वरिपरि जंगलले घेरिएको रमणिय ठाँउ भन्ने बुझिन्छ । यस ठाँउसम्म पुग्ने व्यवस्थित गोरेटो बाटो र पानीको व्यबस्था गरी यस स्थानलाई प्राकृतिक भ्यु प्वाईन्टको रूपमा विकास गर्न सकिन्छ ।

यस वडाभित्र स्हुङ ङ्या पोखरी, जोङजो चैते, बेल्पा ग्युङ ङ्या, च्यात डेन (ठूलो चौर) जस्ता प्राकृतिक तथा साँस्कृतिक महत्वका स्थानहरू रहेको छ । जुन बस्तीहरूको प्राकृतिक मनोरम छटाहरूले वडालाई अझ मनमोहक बनाएको छ । सबै बस्तिहरूमा सडक सञ्जालले जोड्ने क्रममा छ । वडाभित्र आधुनिक कृषि उत्पादनको पहल कदमी लिएको छ । जसले गर्दा टनेल खेती, बेमौसमी तरकारी उत्पादन बढेको छ । यस वडाभित्र १ माध्यामिक बिद्यालय, ६ आधारभूत बिद्यालयहरू छन् । जहाँ ७२० विद्यार्थीहरू अध्ययन गर्दछन् । यस वडाभित्र ५ स्वास्थ्य चौकीहरू रहेका छन् ।



## ५ नं. वडाको नक्सा










### वर्तमान जनप्रतिनिधिहरू

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | रम्बा तामाङ | वडा अध्यक्ष | ९८६०५७१४११ |
| २. | दिल बहादुर तामाङ | सदस्य | ९८४३३३४७०८ |
| ३. | दर्ज्युङ तामाङ | ,, | ९८५११९३६२५ |
| ४. | धन माया तामाङ | ,, | ९८६१५१२७२० |
| ५. | आशा दुधराज | ,, | ९८६९१०५९३९ |

## Ward 5

Ruby valley 5, is surrounded by Chin to north, ward No. 4 to east, Ward 6 to south and west, and Gorkha District to west. It is at an altitude of 1200 meters to 7050 meters from the sea level. This ward covers 108.63 sq km. of the palika. The geographical situation of this ward is full of steep terrain in the northern part, flat and in the southern part. Tamang, Gurung and Dalit are major castes of the ward. According to 2078 CBS the total population is 2819 (male 1360 and female 1459). There are 682 households in this ward. Ward office is located in the Thulogaon village. A 5 km road track has connected to reach the municipality office from this ward. This ward is made up of the villages of Tayung, Bramtang, Kupchet, Lapchet, Kupu and Naver. The natural picturesque shades of the settlements have made the ward more beautiful. There are places of religious and cultural importance within this ward. The municipality has initiated, to develop new destinations such as Chyet Den. The initiative of modern agricultural production has been started in the ward. Off-season vegetable production has increased. There are 1 secondary school and 6 basic schools within this ward. Where 720 students study. There are 5 health institutions within this ward.

### Chyat Dyen (Big Ground):

Under the ward 5, there are many human historical related places Jongjo Chaitye, Belba gyung Ngye, Ngyena Ngye in the ward. Among them Chyet Dyen has high possibility to develop as a new touristic destination. Kumpur, Jyemrung of Dhading, Myagang of Nuwakot and some places of Gorkha can viewed easily from the Chyet Dyen. Singla, Pangsangpass, Paldor himal also observe from the Chyet Dyen. The Chyet Dyen can develop as a neutral view point with the management of water and foot trails.



## ६ नं. वडा

रूवी भ्याली ६, उत्तरमा वडा नं. ५, दक्षिणमा गङ्गाजमुना र खनियाबास गाँउपालिका र पूर्वमा वडा नं. ५ पश्चिममा गोरखा जिल्ला रहेको छ ।


समुन्द्री सतहबाट ९६० मिटरदेखि ४३०० मिटरको उचाइमा रहेको छ । यो वडा ५९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस वडाभित्र तामाङ, गुरूङ, दलित जातजातिहरू रहेका छन् । जसको जम्मा जनसंख्या २०७८ अनुसार ११४२ (पुरूष ५६८ र महिला ५७४) रहेका छन् । यस वडाभित्र २६३ घरधुरी रहेको छ । यसको वडा कार्यालय खादिङमा रहेको छ । यस वडाबाट पालिका कार्यालय पुग्न ७ किलोमिटर सडक सञ्जालले जोडिने क्रममा छ । यस वडा खादिङ, कुप्च्यात, लाप्च्यात, रिच्यात, तीर, कुकु, चपङ्च्यात, किच्यात बस्तीहरू मिलेर बनेको छ । जुन बस्तीहरूको प्राकृतिक मनोरम छटाहरूले वडालाई अझ मन्मोहक बनाएको छ । यस वडाभित्र ल्हदेन गुफा र ङ्हर ङ्यहे पोखरी रहेको छ । वडाभित्र आधुनिक कृषि उत्पादनको पहल कदमी लिएको छ । जसले गर्दा टनेल खेती, बेमौसमी तरकारी उत्पादन बढेको छ । यस वडाभित्र २ आधारभूत बिद्यालयहरू छन् । जहाँ १६९ विद्यार्थीहरू अध्ययन गर्दछन् । यस वडाभित्र २ स्वास्थ्य चौकीहरू रहेका छन्


### गुरुङ्ग समुदायः-

रूवी भ्याली गाउँपालिकाको वडा नं ६ गुरूङ समुदायको बाहुल्यता रहेको वडा हो । पर्यटकहरूको लागि व्यवस्थित घरबास र स्वागत सत्कारको लागि गुरूङ्ग समुदाय बढी नै अग्रसर देखिन्छ । विशेष गरि तिर गाउँ, कपुर गाउँ र खदिङ्ग गाउँ र वडा नं. ४ को चालिस गाउँमा गुरूङ्गहरूको वाहुलियता छ । ग्रेड हिमालय पदमार्ग यहि गाउँबस्तीहरू हुदै गोरखाको मनास्लु हिमालसम्म पुग्दछ ।



## ६ नं. वडाको नक्सा






खादिङ गाउँ-गणेश कुण्ड पद मार्ग
Khading Village-Ganesh Kunda Foot Trail



दर्शन ढुङ्गा
Cristal

### वर्तमान जनप्रतिनिधिहरू

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | समीर गुरूङ | वडा अध्यक्ष | ९८४३८३८४४८ |
| २. | मिन गुरूङ | सदस्य | ९८६४६५९३७० |
| ३. | कुल बहादुर गुरूङ | ,, | ९८६५५३८६७९ |
| ४. | रज माया गुरूङ | ,, | ९८४९२८७७०७ |
| ५. | मँगली कामी | ,, | ९८४३७८९६१४ |


## Ward 6

Ruby valley 6 is surrounded by ward No. 5 to north and east, Gangajamuna and Khaniyabas Rural Municipalities to south, Gorkha District to west. It is at a height of 960 meters to 4300 meters from the sea level. This ward covers 59 sq. km. of the Rural Municipality Gurung, Tamang, Dalit are major castes of the ward. According to 2078, the total population is 1,142 (male 568 and female 574). There are 263 households in this ward. The ward office is in Khading village. Around 5 km road connectivity has started from the municipality office. This ward consists of Khading village, Tir, Kuku, Chapangchet settlements. The natural picturesque shades of the settlements have made the ward more attractive. There are places of religious and cultural importance like Lhaden cave. The rural municipality has been taken to develop new destinations such as Lhaden cave. The initiative of modern agricultural, production has been taken gradually within the ward. Off-season vegetable production has increased. There are 2 basic schools within this ward. Where 169 students study. There are 2 health institutions in this ward.

### Gurung Community:-

Ward No. 6 of Ruby Valley Rural Municipality is a ward with majority of Gurung community. The Gurung community seems to be more forward to organized homestay and hospitality for tourists. Especially Tir village, Kapur village, Khading village and Chalish village of ward No. 4 have majority of Gurung Community. The Great Himalayan Foot Trail goes through these villages to the Manaslu mountain of Gorkha.





# हिमश्रृङ्खलाहरू तथा मार्ग चित्र

## गणेश हिमालय

सलासुङ्गो हिमाललाई गणेश III, साङ्जिङ री, छलासुङ्गो, चाग्लासुम्गो वा काङलोम्बो भनेर पनि चिनिन्छ । नेपाल (रूवी भ्याली) र चीनको सीमा नजिकै रहेको सलासुङ्गो हिमालको चुचुरो नेपाल पट्टी पर्दछ । काठमाडौंबाट करिब १०० किलोमिटर उत्तरपश्चिममा अवस्थित यो हिमाल धादिङ्ग जिल्लाकै प्रमुख हिमाल हो । सलासुङ्गो याङ्ग्रा (गणेश प्रथम) बाट करिब ६ किलोमिटर दक्षिणमा अवस्थित छ । एल्डर नक्सा स्रोतले 7150m र 7110m को उचाइ दिन्छ, तर Finnmap द्धारा दिइएको 7043m को उचाइ हाल सबैभन्दा व्यापक रूपमा स्वीकार गरिएको छ । यो हिमाल रूवी भ्याली गाउँपालिकाबाट आरोहण गर्न सहज छ ।

हिडियो ओगुरा (जापान) पेम्बा छिरिङ शेर्पा र दावा नोर्बु शेर्पा (नेपाल) द्धारा
९ अक्टोबर १९७९ पहिलो पटक आरोहण गरेका थिए ।

सबैभन्दा सजिलो मार्ग
चट्टान/हिउँ/बरफ

# Mountain Range and Itinerary

## GANESH HIMALAYA

Salasungo Himal is also known as Ganesh III, Sangjing Ri, Tsalasungo, Chaglasumgo or Kang Lombo. The peak of Salasungo Himal near the border of Nepal (Ruby Valley) and China. Located about 100 km northwest of Kathmandu, this mountain is the main mountain of Dhading district. Salasungo is located about 6 km south of Yangra (Ganesh I). Elder map source give an altitude of 7150m and 7110m, but the altitude of 7043m given by the Finnmap is currently the most widely accepted. This mountain is easy to climb from Ruby Valley Rural Municipality, Dhading.

First climb
by Hideo Ogura (Japan) Pemba Chiring
Sherpa and Dawa Norbu Sherpa (Nepal)
19 October 1979

**THE EASIEST WAY**
Rock/Snow/Ice Climbing

**PARENT RANGE**
Ganesh Himal, Himalaya




| Trip Plan | | | | | |
|---|---|---|---|---|---|
| Days | From | To | Km | Hours | Mode |
| 1 | Kathmandu-Rasuwa | Syomdang | 150 | 12 | Road |
| 1 | Kathmandu-Dhading | Tipling | 160 | 12 | Road |
| 2 | Syomdang | Paldor Base Camp | 10 | 6 | Hiking |
| 2 | Tipling | Pangsang Pass | 22 | 3 | Road |
| 3 | Paldor Base Camp | High Camp | 4 | 4 | Hiking |
| 3 | Pangsang | Paldor Base Camp | 10 | 8 | Hiking |
| 4 | High Camp | High Camp | 2 | 7 | Summit |
| 4 | Paldor Base Camp | High Camp | 4 | 4 | Hiking |
| 5 | High Camp | High Camp | 2 | 7 | Summit |

## सेदाच्यात

मानवको घुमन्ते फिरन्ते युगमा जब केहि यात्रीहरू हालको तिब्बतको विभिन्न क्षेत्रहरूबाट रसुवा जिल्लाको गलङ, गोल्जुङ हुँदै सिङ्ल्हा–ल्हाप्सङ्र्पो क्षेत्र प्रवेश गरेको भनाई पाईन्छ । प्रवेश गर्ने क्रममा पहिलो पटक देखिएको सेर्कि दुङ्मो जहाँ देखियो त्यही स्थानलाई सेदाच्यात भन्ने गरेको पाईन्छ । जुन स्थान भौगोलिक, साँस्कृतिक धार्मिक हिसाबले विशेष देखिन्छ । जुन स्थानमा भैंसीलाई प्रवेश निषेध छ । कतै प्रवेश गरि हाल्यो भने ठुलो हावाहुरी चल्ने जनविश्वास रहेको छ । भौगोलिक हिसाबले अरू भूभाग भन्दा समथल छ । उक्त स्थानमा प्रशस्त बोभ्फो उम्रेको पाईन्छ । स्थानीय भाषामा बोभ्फोलाई सेदा र चौरलाई च्यात भन्ने हुँदा यसको नाम सेदाच्यात रहन गएको भनाई छ । उत्तरबाट प्रवेश गरेको जातीहरूभन्दा पहिले सेदाच्यातमा नागराजाले राज्य गर्दथ्यो । यसरी उत्तरतिरबाट प्रवेश गरेका दर्धो लामाले नाग राजालाई पराजित गरेको भनाई पाईन्छ । नाग राजाले आफ्नो पराजयको बदला लिन त्यस क्षेत्रमा महामारी फैलाउछ । नाग राजालाई खुशी पार्न त्यसबेलादेखि प्रत्येक श्रावण महिनामा मम्बा थरका तामाङहरूले कालो बोकाको वली चढाइ पूजा गर्ने चलन रहेको छ ।

## SEDA CHYET

During the itinerant era of human beings, some travelers entered Singla-Lhapsangkarpo region through Galang, Goljong, Khurbu from different regions of Tibet. It was called Sedachyet, which first time seen from Pangsang with crystal "Ser ki Dungmo" by the travelers. The place is geographically, historically and culturally important in the area. Buffalos are not allowed to enter the Sedachyet ground. There is strong believe that if the buffalos entered in the Sedachyet ground, big airstream and rain will come. Geographically, it is flat than other parts of the area. A lot of Bozo is found in the Sedachyet. It is said that in Tamang language, Bozo called Seda and Chaur called Chyet so its name became Sedachyet. Before entering the travelers from north, the Sedachyet area was ruled by Nagraja. Dradho Lama, defeated the Nagraja. The Nagraja spread an epidemic in the region after his defeated by the Dardho.  Since then Mamba clan has been worshiping three time in a year. They presented a black he goat to Nagraja during the worship.





# धार्मिक तथा पर्यटकीय स्थलहरू

## कालो दह, सेतो दह

धादिङ्ग जिल्लाको रूवी भ्याली गाउँपालिकामा रहेको कालो दह एउटा प्राकृतिक पोखरी हो । जसको आफ्नो छुट्टै धार्मिक र प्राकृतिक महत्व रहेको छ । अनुपम सुन्दरताको खानीका रूपमा चिनिएको पर्यटकीय स्थलले भरिभराउ रहेको कालो दहमा हरेक वर्ष भाद्र पूर्णिमा अर्थात जनै पूर्णिमामा भव्य मेला लाग्ने गर्दछ । यो वर्ष मेला संगै स्थानीय वडाको तर्फबाट पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार गर्न तीर्थ यात्रा कार्यक्रम आयोजना गरेका छन् । कालो दहमा लाग्ने मेला हेर्न धादिङ जिल्लाका मात्रै नभई छिमेकी जिल्लाहरू रसुवा, नुवाकोट, गोरखा, काठमाण्डौका साथै देशका अन्य जिल्लाहरू र रूवी भ्याली क्षेत्रमा पुगेका विदेशी पर्यटकहरू समेत त्यहाँ पुग्ने गर्दछन् । दहको यात्रा धार्मिक दृष्टिकोणले मात्र नभई पर्यावरण, साहसिक पदयात्रा, वानस्पतिको विविधता र रेडपाण्डाको वासस्थान भएकाले पनि महत्वपूर्ण छ । प्रकृतिको सुन्दरताले छपक्क छोपेका दृश्यले यात्रालाई रोमाञ्चित बनाउने गर्दछ । समुन्द्री सतह देखि ४,००० मिटर उचाईमा रहेको कालो दह धार्मिक तथा पर्यटकीय दृष्टिकोणले अति नै महत्वपूर्ण मानिन्छ । कालो दहमा नाग देवताले बास बसेको हुनाले जे माग्यो त्यही प्राप्त हुने जन बिश्वास छ । मनोकामना पुरा गर्न पनि श्रद्धालु भक्तजनहरू यहाँसम्म पुग्ने गर्दछन् । तर कालो दहमा भैंसीको छालाजन्य बस्तूहरू, मासु, घ्यू लान नहुने विश्वास छ ।  कालो दहको नजिकै समुन्द्री सतहदेखी ४१०० मिटर उचाईमा सेतो दह छ । कालो दह जाने पर्यटक तथा भक्तजनहरू सेतो दहको वरिपरी बास बस्ने गर्दछन् । कालो दहको संरक्षण र प्रवर्द्धनको लागि गाउँपालिका निरन्तर लागि परिरहेको छ ।




# HISTORICAL & TOURISM DESTINATIONS

## KALO DAHA/SETO DAHA

Kalo Daha is a natural pond of Ruby Valley Municipality, Dhading. It has religious and natural significance. The area is known as unique natural beauty and touristic spot. A grand fair is celebrated every year on Bhadra (Janai) Purnima. This year, ward office had organized a pilgrimage fair to promoting the tourism. During the fair people came from Nuwakot, Gorkha, Rasuwa, Kathamandu and other parts of the country. Foreign tourists have been participated in the fair who had reached the ruby Valley area during the fair held in the Kalo Daha. Kalo Daha's travel is important not only for a religious point of view. It is exciting for adventure trekking, plant diversity, crystal stone and red panda habitat. The Kalo Daha is at an altitude of 4,100 meters above sea level. The area is considered very important from the religious and touristic point view. People belief that whatever they ask for, they will get from Kalo Dah because people belief that Nag God resides in the Kalo Daha. So devotees reach there to fulfill their wishes. The local people believe that buffalo meat, ghee and skin product materials should not be taken in Kalo Daha. Seto Daha is situited on 4,100 meter near Kalo Daha. The Pilgrimage are night stay near Seto Daha. The Municipality is continously promoting this area.




**Trip Plan**

| Days | From | To | Km | Hours | Mode |
|---|---|---|---|---|---|
| 1 | Kathmandu | Pentisya | 140 | 10 | Road |
| 1 | Kathmandu | Lingjo Village | 160 | 12 | Road |
| 2 | Pentisya | Chyauchet Kharka | 10 | 8 | Hiking |
| 2 | Lingjo Village | Babil Kharka | 10 | 8 | Hiking |
| 3 | Chyauchet Kharka | Seto Daha/Kalo Daha | 10 | 8 | Hiking |
| 3 | Babil Kharka | Kalo Daha/Seto Daha | 10 | 8 | Hiking |

**दोगरतम्बाः**

सन् ८०२ ई तिर गुरू पद्मासम्भव आफ्नो तिर्थाटनको सिलसिलामा हालको केरूङ क्षेत्र हुँदै सेर्तुङ, पजोङ, गोल्जोङ, गलङ हुँदै ल्हाप्सङकर्पो क्षेत्र प्रवेश गर्नु भएको भनाई पाईन्छ । त्यो भन्दा पहिले नै यस क्षेत्रमा मम्बा, गोम्जा, दम्रङ थरका तामाङहरूले वस्ती बसाली सकेको अनुमान गर्न सकिन्छ । जुन बेला यस क्षेत्रको सिङ्ल्हा क्षेत्रमा जर्नङका राजा लगायत एक हजार जनालाई प्रवचन दिनु भएको भनाई पाईन्छ । यसरी गुरूपद्मासम्भवको आगमन पूर्व नै मम्बा, गोम्जा तपस्वीहरूले खुर्बु गङमा सबुदुरलाई नेन्ब (गल्छी) बनाएको कथन पाईन्छ । यात्रा अगाडी बढ्ने क्रममा ल्हर्ही, म्हार्स्योङ हुँदै पङसङ आइपुग्दा एउटा ठुलो ढुङ्गाले बाटो छेकोले यात्राको अगुवा गोम्जा म्हेमेले आफ्नो तान्त्रिक शक्तिले ढुङ्गालाई दुई भागमा काटेर सेर्दुङ, तिम्लिङतिर लागेको भनाई पाईन्छ । त्यस ठाँउलाई दोगरतम्बा गङ् भनिन्छ र त्यो ढुङ्गा देख्न पाईन्छ ।

त्यसरी नै मम्बा तान्त्रिक म्हेमेको यात्रा क्रममा आफ्नो दलबल सहित हालको दोगरतम्बामा आई पुग्दा दक्षिणतिर एउटा चम्किलो वस्तु देख्नु भयो । त्यस वस्तुप्रति आकर्षित हुनु भयो । उक्त वस्तु प्राप्त गरि छाड्ने अठोट अनुरूप एउटा ढुङ्गालाई आफ्नो शक्ति प्रयोग गरी दुई चिरा बनाएको भनाई पाईन्छ । त्यो चम्किलो वस्तु प्राप्त गर्न मम्बा र दम्रङ म्हेमे बीच कसले प्राप्त गर्नेमा बहस भयो । त्यस बहसबाट एक एक वटा चिनो आ–आफ्नो शक्ति प्रयोग गरेर पठाएछ । जसको चिन्ह वस्तु त्यस ठाँउमा पुग्छ उसको हुनेमा सहमत भएछ । सहमति बमोजिम मम्बा म्हेमेले गोलो ढुङ्गा र दम्रङ म्हेमेले डाँफेको प्वाँख पठाएछ । पछि खोज्दै जाँदा गोलो ढुङ्गा चम्किलो वस्तु भएको ठाँउमा भेटायो । डाँफेको प्वाँख खोज्दै जाँदा हालको तिम्लिङ ठुलो गाँउमा भेटेको कथा सुन्न पाईन्छ । त्यो चम्किलो वस्तु सुनको खम्बा (सेर्कि दुङ) भएको पत्ता लाग्छ । सेर्कि दुङबाट नै सेर्तुङ भएको हुन सक्ने बलियो तर्क "सेर्तुङ एक झलक", "उत्तरी धादिङको तामाङ संस्कृति" जस्ता आलेखहरूमा उल्लेख गरिएको छ ।

यसरी हालको रूवी भ्यालीको मानव सभ्यतासँग प्रत्यक्ष सम्बन्ध राख्ने जिवित इतिहासरूपी दोगरतम्बा क्षेत्रलाई ब्यवस्थित विकास गरी प्रचारप्रसार गर्नु पर्ने देखिन्छ । जुन स्थानबाट पुरै हिमश्रृङ्खला र दक्षिणी क्षेत्रका मनमोहक वस्तीहरू देख्न सकिन्छ ।




## DOGARTAMBA:

It is said that around 802 AD, Guru Padmasambhava entered the Lhapsangkarpo region through the Kerung, Setang, Pajong, Goljong, Galang in the path of his pilgrimage. It can be assumed that Tamangs of Mamba, Gomza, Damrang tribes settled in this area even before that. At that time, it is said that 1000 people, including King of the area, Guru Padmasambhaav had given teaching in the Sinhala region. Thus, before the arrival of Gurupadmasambhava, Mamba, Gomja ascetics to have made Pass (Galchhi) in Khurbu Gang. It is said that Gomja Mheme, the leader of the journey, cut the stone into two parts with his tantric power and headed towards Serdung, Timling. That place is called Dogartamba Gang and that stone can be seen yet.

In the same way, during the journey of Mamba Tantrik Mheme, he saw a bright object in the south when he reached the current Dogartamba with his team. He was attracted to that thing. It is said that a stone is made into two slots by using his power in accordance with the intention to get the object. Mamba and Damrang Mheme had an argument about who would get that shiny object. After that debate, one by one will send signs using their own power. It had been agreed that the sign of the object reaches that place. According to the agreement, Mamba Mheme sent a round stone and Damrang Mheme sent a feather. Later, while searching the signs, Mamba mheme found a round stone in a place where there was a shiny object. While searching for the feathers of the stork, fond in the current Timling big village. The shiny object turns out to be a golden pillar (serki dung). A strong argument that Sertung may have originated from Serki Dung is mentioned in articles such as "Sertung Ek Jhalak", "Tamang Culture of Northern Dhading".

In this way, it seems that the Dogartamba area, which has a direct relationship with the human civilization of the current Ruby Valley, should be systematically developed and promoted. From the Dogartamba we can see the entire snow ranges and the charming settlements of the southern region.






## तातोपानी

रूवी भ्याली गाँउपालिकाभित्र मात्रै दुइवटा तातोपानीका श्रोतहरू छन् । एउटा वडा नं. १ लिङ्चोबाट ३ घण्टा पैदला यात्राबाट पुग्न सकिन्छ । यो पाविल हिमालको फेदमा पर्दछ । अर्को वडा नं. ४ को पेन्तिस्या नजिक पर्दछ । तातोपानीमा नुहाउनाले विभिन्न छाला सम्बन्धि रोगहरू निको हुने जनविश्वास रहेको छ । यस तातोपानीको बाटो भएर वडा नं. ४ को हिन्दुङ (योन्दोङ) बस्ती पुग्न सकिन्छ । यस तातोपानी रहेको ठाँउमा एउटा कुङ्कर रहेको छ । यस स्थानमा औंसी पूर्णिमामा गएर पूजा गर्ने प्रचलन रहेको छ । प्रत्येक वर्ष माघे संक्रान्तिको दिन वरिपरिका बस्तीहरूबाट बोम्बोहरू गई पूजा गर्ने हुँदा ठूलो मेला लाग्दछ । भ्फाँक्रीले पूजा गर्दा पानीको तापक्रम बढ्ने जनविश्वास रहेको छ भने यस स्थानलाई स्थानीयहरूले वनभोज स्थलको रूपमा पनि प्रयोग गरेको पाइन्छ । त्यस्तै वडा नं. १ नजिक पर्ने तातो र अमिलो पानी धादिङ्ग जिल्लाकै सबैभन्दा उचाइमा रहेको तातोपानी हो । अमिलो पानी पिउनाले पेट सम्बन्धी रोगहरू निको हुने जनविश्वास छ ।

## TATO PANI

There are two hot water sources in Ruby Valley Rural Municipality. One is in Ward No. 1 near Lingjo village be reached by walking for 3 hours. Similarly, this is located on the highest altidute near Pabel Himal. Other is in ward No. 4 near Pentisye. People believe that various skin related dieses are cured by Tatopani bathing. We can reach Yondong village through Tatopani which is the last settlement of the ward. There is a Kunkar near the Tatopani and local community has planned to establish a Buddha statue in the Tatopani area. There is a tradition to visit this place and perform puja on Aushi Purnima. Bombos are come to worship from different villages on Maghe Sankranti every year. There is a popular belief that the water temperature will increase when worshiping by Bombos. The local people use the area as a picnic spot. If it can be publicized, it has been special significance for the tourist.

| Trip Plan | | | | | |
|---|---|---|---|---|---|
| Days | From | To | Km | Hours | Mode |
| 1 | Kathmandu | Pentisya | 140 | 10 | Road |
| 1 | Kathmandu | Lingjo Village | 150 | 12 | Road |
| 2 | Pentisya | Tato Pani | 2 | 1 | Hiking |
| 2 | Lingjo Village | Tato/Amilo Pani | 3 | 3 | Hiking |



## पाङसाङ भञ्ज्याङ

समुन्द्री सतहबाट करिब ३८५० मिटर उचाइमा रहेको छ । यो प्रशासनिक हिसाबले धादिङ जिल्ला, रूवी भ्याली गाँउपालिका वडा न. १ मा पर्दछ । यस स्थानमा रसुवा जिल्ला हुँदै स्योम्दाङ भएर पुग्न सकिन्छ । हाल सदरमुकाम धादिङबेसीबाट पनि मोटर बाटो जोडिएको छ । त्यसरी नै नुवाकोट र खनियाबास गाँउपालिकाबाट रूपचेत, म्हछेम्बो हुँदै पुग्न सकिन्छ भने पाङ्साङ्पासबाट सिङ्ल्हापास हुँदै खनियाबास गाउँपालिका र नुवाकोटको किस्पाङ गाउँपालिकामा पुग्न सकिन्छ ।

पाङ्साङ आफै प्राकृतिक सुन्दर दृश्यको एक अलौकिक स्थान हो भने यार्सागुम्बा, पाँचऔले, निरमसी, पदमचाल जस्ता जडीबुटीले भरिएको विशेष खर्क क्षेत्र हो । यसै क्षेत्रबाट गणेशहिमाल, अन्नपुर्ण, मनासलु, प्याल्दोरपिक, लाङ्टाङ जस्ता हिमश्रृङ्खलाहरू देख्न सकिन्छ ।
पाङ्साङ विश्व प्रसिद्ध रूवीले भरिको क्षेत्र हो भने हिमाली चौरी, भेडाबाख्राको लागि मौसमी खर्क पनि हो । पाङसङ हुँदै लिङ्चो गाँउ लगायतका स्थानहरूमा जान सकिन्छ ।
यस क्षेत्र चलचित्र छायाङ्कनको लागि प्रख्यात छ ।










| Trip Plan | | | | | |
|---|---|---|---|---|---|
| Days | From | To | Km | Hours | Mode |
| 1 | Kathmandu-Rasuwa | Pangsang | 158 | 13 | Road |
| 1 | Kathmandu-Dhading | Tipling | 160 | 12 | Road |
| 2 | Tipling | Pangsang Pass | 20 | 3 | Road |





## PANGSANG PASS

**Pansang pass is at an altitude of about 3850 meters from sea level. It is administratively located in Ruby Valley ward No. 1, Dhading district. This place can be reached through Rasuwa district via Somdang. The motor able road has connected from Rasuwa and Dhading besi. It can be reached from Nuwakot and Khaniyabas Rural Municiplity via Rupchet Mhachhembo. While Ruby Valley ward 3 and Khaniyabas Rural Municipality can be reached via Singla, Machet. Pansang is a supernatural place of natural beauty with Yarsagumba, Panchaule, Nirmasi, Chiraito, Padamchal are special herbs of the area. We can viewed himalyan ranges like Ganseh, Annapurna, Manaslu, Paldor, Langtang from Pangsang. The Pasang region is a popular for the world famous Ruby crystal gems and seasonal pasture land for Yak, Sheep, cows and goats. We can visit Lingjo village and other places from Pangsang pass. The Pangsang area is famous for shooting movies, videos and it seems that the Ruby Valley Rural Municipality should develop the area more publicized for the movies shooting.**

## सिङ्ल्हा

समुन्द्री सतहबाट ४,०४० मिटर उचाईमा अवस्थित सिङ्ल्हा प्राकृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण पर्यटकीय स्थल हो । उत्तरगया गाउँपालिका–रसुवा, रूवी भ्याली गाउँपालिका र खनियाबास गाउँपालिका र किस्पाङ गाउँपालिकाको संगम स्थलमा अवस्थित सिङ्ल्हा म्हाने आठौ शताब्दीमा गुरु पद्मसम्भव तिब्बतको सामे गुम्बा निर्माण गरी केरूङ, खुर्पु,  पाङ्साङ हुँदै फर्किने बेला म्हानेको मुनी उर्केन ह्रयूल पट्टी फर्की ध्यानमा बस्ने क्रममा सूर्यको किरणमा बिलिन भएकोले गुरू रिम्पोछेको अन्तिम ध्यान केन्द्रको रूपमा समेत मान्दै आएको छ । हरेक वर्ष भाद्र पूर्णिमाको दिन धादिङ, रसुवा र नुवाकोटका लामा तथा बोन्पोहरू सिङ्ल्हा पुगी पूजा अर्चना गर्ने चलन छ । यस स्थानबाट गणेश, मनाशलु र लाङ्टाङ हिमश्रृङ्खलाहरू सजिलै देख्न सकिन्छ । सिङ्ल्हाको दर्शन गर्नाले मनोकामना पुरा हुने, पशुपंक्षी बृद्धि हुने, आयआर्जनमा बृद्धि हुने, गाउँमा सुख–शान्ति हुने, बैदेशिक यात्रा सफल हुने जनविश्वास छ ।

## SINGLHA

Singlha is located at an altitude of 4,040 meters above sea level, Singlha is an important touristic destination for the natural, historical and religious point of view. Singlha located at the confluence point of Uttargaya Rural Municipality- Rasuwa, Ruby Valley Rural Municipality & Khaniyabas Rural Municipality Dhading and Kispang Rural Municipality Nuwakot.  It has also been considered as the final meditation center of Guru Rimpoche. Every year on the day of Bhadra Punima, Lamas and Bonpos from Dhading, Rasuwa and Nuwakot comes to Singlha to worship. Ganesh, Manashlu and Langtang Mountain ranges can be easily seen from this place. It is believed that one's wishes be fulfilled, livestock will increase, income will increase, peace will be establish in the village, and foreign travel will be successful by praying Singlha.






| Trip Plan | | | | | |
|---|---|---|---|---|---|
| Days | From | To | Km | Hours | Mode |
| 1 | Dhading Besi | Khaniyabas-Jharlang | 45 | 3 | Road |
| 1 | Trisuli | Gonga Vanjyang | 30 | 2 | Road |
| 1 | Dhading Besi | Sertung Village | 52 | 4 | Road |
| 1 | Syabru Besi (Rasuwa) | Pangsang Pass | 50 | 4 | Road |
| 2 | Jharlang | Machet Kharka | 10 | 6 | Hiking |
| 2 | Gonga Vanjyang | Singlha | 5 | 4 | Hiking |
| 2 | Sertung Village | Machet Kharka | 9 | 6 | Hiking |
| 2 | Pangsang Pass | Singlha | 13 | 7 | Hiking |





## संस्कृति तथा जनजीवन

रुवी भ्याली गाउँपालिका साँस्कृतिक तथा प्राकृतिक रूपले सर्वसम्पन्न गाउँपालिका हो । यहाँका दिदिबहिनीहरू आफैले बुनेका मौलिक परम्परागत ग्या, स्यामा लगाउछन् । मेला, महोत्सव तथा बभिन्न जात्राहरुमा चाँदीका ब्लुम माला, स्याल माला, नाली ढुङरी, फुली र बुलाकी लागाउछन् । दाजु-भाईहरू स्थानीय भेडाको ऊनबाट बुनेका स्योल्दो सुर्के लगाउछन् । यहाँका मानिसहरू मेला, उत्सव तथा पर्वहरूमा म्हेन्दोमाया, म्हानेदोरा तथा छच्चबारी नाच्छन् । यो पश्चिमेली तामाङ समूदायकै पहिचानको रुपमा स्थापित भइसकेको छ । बिशेष गरी युवायुवतीहरूबीच गीत गाउदै नाच्ने म्हेन्दोमाया संसारभर प्रसिद्ध छ । यस पालिकामा पौराणिक लोक कथा, प्रदर्शनकारी लोक नाटक, लोक भाका, लोक गीतहरू सुरक्षित राख्ने उद्धेश्यले हरेक वर्ष मंसिर म्हाने, सिङ्ल्हा तिर्थ यात्रा, कालो दह तिर्थ यात्रा, दशैं, डुब्ज्यु जस्ता जात्रा तथा पर्वहरूमा प्रदर्शन गर्ने र मञ्चन गर्ने गर्दछ ।

## CULTURE & LIFE STYLE

Ruby Valley Rural Municipality is a culturally and naturally rich rural municipality of Dhading District. girls wear original traditional clothes weaving by themselves. Silver flower garlands, ruby garlands, Nali Dhungri, Phuli and Bulaki are used in fairs, festivals and various fairs. The boys wear Syoldo/Surke weaving by the wool of local sheep. People dance Mhendomaya, Mhanedora and Chhachhabari in fairs and festivals. It has been established as the identity of the Western Tamang community. Mhendomaya sings and dances is famous all over the world, especially among young generation. In order to preserve mythological folk stories, performing folk dramas, folk music, folk songs in this municipality, every year they perform and stage performances in the festivals like Mangsir Mhane, Singlha Tirtha Yatra, Kalo Daha Tirtha Yatra, Dashai, Dubjyu etc.



## रूवी

धादिङ्ग जिल्ला रूवी भ्याली गाँउपालिकामात्रै यस्तो पालिका हो जहाँ विश्व प्रसिध्द मणीहरूको खानि रहेको छ जसरी बाहिरबाट हेर्दा गणेशहिमाल, पावेल, पालदोर, अन्नपूर्ण, मनासलु र लाङटाङ हिमालको चाँदी झै टल्किने चमक देख्न सकिन्छ । त्यसरी नै त्यस क्षेत्रमा पाउने निलमणि, रातोमणि, कोरूण्दम, क्रिष्टलको चहकले पुरै पालिकाको उत्तरी भेग विशेष गरी छुमर, रूयुल देखि लह्रि स्योम्दाङसम्म भेट्न सकिन्छ । यस क्षेत्रमा पाउने क्वार्ज विश्वमा पाउने दुर्लब मध्येमा पर्दछ भने यसै क्षेत्रमा तामा र जस्ता खानि समेत रहेको छ । जस्ता खानी विगत २०-२५ वर्षदेखि बन्द रहेको छ भने तामा खानीलाई सरकारी तर्फबाट कुनै पहल भएको छैन । यसै पालिकाको वडा ६ आसपास तामा खानी भएको प्रसस्त प्रमाणहरू भेटिन्छ । विगतमा तामा खानीकै खोजीको सिलसिलामा यस क्षेत्रमा आइ बासोबास गरेका गुरूङ बस्तीहरू रहेको छ ।




दशकौदेखि नेपालमा राजनैतिक शासन प्रणाली स्थापना गर्ने क्रममा नै नेपालको राज्य शक्ति खर्चिन पुगेको छ । त्यसैले नेपालभित्र रहेको खनिज पदार्थहरूको खोज, उत्खनन् गरि देशको आर्थिक विकास गर्न नसकेको तितो सत्य मान्नै पर्छ । जति भएको छ त्यसमा पनि बिदेशी लगानि कर्ताहरू र पहलमा भएको देखिन्छ । जसले गर्दा राज्यले भनेको जस्तो फाईदा लिन सकिरहेको छैन ।

बिभिन्न अनुसन्धानहरूबाट नेपालमा टउरमाइन, बेरिल, गार्नेट, क्वार्ज, स्काइनल, दयानब्युराईट, यानाईट, अपटाइट, फेल्दस्पाइडर, फाईराईट, लेपिडोलाईट, एपिडोट, डाओपसाईट, आयोलाईट, र कोरोण्डम (नीलमणी) भएको तथ्यहरू प्रस्तुत भएको छ ।

२०३७ सालतिर स्थानीयहरूले रूवी भ्याली क्षेत्रमा राता स्पटिक र कोरोण्डम पत्ता लगाएका थिए र काठमाडौंमा ल्याई देखाउदा बहुमूल्य भएको पत्ता लागेको थियो । त्यसपछि हिमालायन जेम्स नामको कम्पनीले केहि वर्ष स्थानीयहरूसँग मिलि उत्खन्न गरेको भनाई पाइन्छ तर त्यसको कानूनी हैसियत के थियो भन्ने प्रष्ट छैन । तर त्यो पनि बन्द भएर गयो ।

२०४३ सालतिर हारडिङ र स्कारयाटले त्यस क्षेत्रमा पाउने खनीज पदार्थको अनुसन्धान गरेको भन्ने पाईन्छ । यो अनुसन्धान व्यक्तिगत थियो वा नेपाल सरकारको थियो स्पष्ट छैन । यसरी जर्मन अनुसन्धान टोलिहरूले पनि गणेश हिमाल क्षेत्रमा रूवी भएको तथ्य बाहिर ल्याएको थियो ।





## RUBY

Ruby Valley Rural Municipality, Dhading is such a municipality where world famous ruby gems are available. Ganesh Himal, Pabel, Paldor, Annapurna, Manaslu and Langtang seems external crystallization as silver from the Ruby Valley. In the same, green, red, white and Qorundum crystal show internal crystallization of Chhyumer, Ruyul to Somdang areas. These Quartz crystals are very special in the world. Metal and copper are available in the area. The metal company is closed since last 20 to 25 year and the government has not ny initiated for the copper mine. Many copper related evidences are available near ward No. 6. Local Gurungs were came to collecting the copper in very beginning and they settled in the area. Nepal government has spent their full energy to establish political system only. It is bitter truth, the government has left behind to research the natural resource for economic development of the country. Most of the research and excavation are carried out by foreign company or investment so the government has not got proper benefit from the natural resources.







Ganesh Himal Metal Company



Yarshagumba


Different researcher has found Taurmine, Beriel, Garnet, Quarze, Skinol, Dayanburight, Yanait, Optyte, Pheldaspider, Phyright, Lypidolyght, Apidit, Daopsite, Ayolight, and Qorondom in Nepal. Local people had found Red Crystal and Qorondom in Ruby Valley area on 2037 BS. Then they brought to Kathmandu and knew the things are valuable. After that Himalayan Gems Company had collected the gems for short period with the help of local people. No one know about the legal status of the company yet and closed.

Harding and Skaryat had taken research in the area on 2043 BS. There is no any documents of research, whether the research was personal or government. Latter on German research team had pointed, Ruby gems are available in Ganesh Himal area.

# GREAT HIMALAYAN TRAIL IN RUBY VALLEY

Traversing across the great Himalayas may come as a dream to many, which the Great Himalayan Trail (GHT) brings it to r eality. The entire GHT runs a distance of 2,400 kilometers beneath the great Himalayas, crossing five countries: Tibet, Bhutan, Nepal, India, and Pakistan; out of which Nepal stands out as the most popular with more accessibility and well-mapped routes

The GHT is composed of a network of ten different treks that run from the eastern border of Nepal to the west. Each of these treks can be done separately as individual journeys, which subsequently make up the GHT. The GHT trekking route begins with the Kanchenjunga trek progressing through the routes of the treks: Makalu Barun, Everest and Rolwaling, Langtang and Helambu, Manaslu and Ganesh (Ruby Valley), Annapurna and Mustang, Dolpo, Rara and Jumla, Humla, and finally ends with the Far West trek. By going on the GHT trek, you will get to see Nepal's most fascinating mountains, such as: the Mount Everest (8848m), Kanchenjunga (8586m), Makalu (8463m), Lhotse (8516m), Cho Oyu (8188m), Annapurna (8091m), Manaslu (8463m), and Dhaulagiri (8167m). These mountains are also eight of the ten highest peaks in the world.



## ७. पालिकाको पर्यटकीय केहि सम्भावनाहरू

क) छिमेकी जिल्ला तथा पालिकाहरूसँग एकिकृत पर्यटन प्रवर्द्धन योजना तर्जुमा तथा कार्यन्वयन

ख) व्यवस्थित घरबासको व्यबस्था तथा प्रबर्द्धन

ग) साँस्कृतिक पर्यटनको प्रबर्द्धन (तामाङ, गुरूङ्ग तथा अन्य जातजाती)

घ) रक क्लाईमीङ तथा साईक्लीङ रूटको सम्भावना अध्यायन तथा प्रबर्द्धन

ङ) आन्तरिक पर्यटनको प्रबर्द्धन

च) पर्यटक तथा आगन्तुक ट्र्याकिङ सुचना प्रणाली व्यबस्थापन

छ) पाङ्साङ क्षेत्रलाई चलचित्र छायाँकन स्थलको रूपमा विकास

ज) रूवी भ्यालीलाई रूवी हबको रूपमा विकास गर्ने

झ) पर्वतारोहण सम्बन्धि प्रशिक्षण केन्द्र विकास

ञ) जैविक विविधता अनुसन्धान क्षेत्र विकास

ट) स्थानीय महत्वका क्षेत्रहरूको चित्र पेन्टिङ तथा प्रिन्टिङ

## 7. Some Tourist Possibilities of the Municipality

a) Formulation and implementation of integrated tourism promotion plan with neighboring districts and municipalities.

b) Promotion of Home Stay

c) Promotion of cultural tourism (Tamang, Gurung and other castes)

d) Feasibility study and promotion of rock climbing and cycling routes

e) Promotion of domestic tourism

f) Tourist and visitor tracking information system management

g) Development of Pangsang area as a film shooting location

h) Develop Ruby Valley as Ruby Hub

j) Development of mountaineering and climbing training centers

j) Biodiversity research area development

k) Painting and printing pictures of areas of local importance

## ६. पालिकाको पहल कदमीहरू

क) रूवी भ्याली गाउँपालिका वडा नं. १ का झर्नाहरूको प्रवर्द्धन
ख) कालो दह, सेतो दह क्षेत्रको डिपिर तयारी
ग) म्हङ्नी डाँडा प्रवेशद्वार निर्माण
घ) पेन्तिस्या क्षेत्र बिकास
ङ) मचेत पर्यटक आवास गृह निर्माण
च) पद मार्ग
छ) शिव मूर्ति स्थापना
ज) सबै वडाहरूमा मोटर बाटो विस्तार
झ) विभिन्न जनचेतना तथा सिपमूलक तालिमहरू




लिङ्जो - कालोदह पदमार्गको गुरू योजना ।

## 6. Initiatives of the Municipality

a) Promoting waterfalls of Ruby Valley Rural Municipality 1
b) DPR preparation of Kalo daha, Seto daha area
c) Construction of Mhangni Danda entrance
d) Pentisya area development
e) Construction of machet tourist Seltor house
f) Foot Trail
g) Installation of Shiva statue
h) Extension of motor roads in all wards
i) Various public awareness and skill trainings




गाउँपालिकाको पहलमा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेशद्वारा तयार पारिएको गुरू योजना ।



रूवी भ्याली गाउँपालिका अन्तर्गत लापा, खादिङ सडकको यक्याम्चोमा रहेको कडा चट्टान विस्फोटन कार्यक्रम



रूवी भ्याली गाउँपालिकाको ऐतिहासिक स्थल दोगर तम्बा

# फोटो ग्यालरी/PHOTO GALLERY



लापा गाउँ / Lapa Village



तिप्लीङ गाउँ / Tipling Village



सेर्तुङ गाउँ / Sertung Village



याक / Yak



भेडा / Sheep



भिर मौरीको मह कट्दै / Honey Hunting

# महत्वपूर्ण फोटोहरू / IMPORTANT PHOTOS




















सिङ्ल्हा तिर्थ यात्रा / Singlha Pilgrim



गुरुङ जातीको नाच / Gurung Culture



तोर्मो / Tormo



कालो दह तिर्थ यात्रा/ Pilgrim to Kalo Daha



वर्मादी म्हाने, लिन्जो / Barmadi Mhane, Lingjo



कालो दहमा झाँक्री / Jhankri at Kalo Daha



प्याल्दोर पिक / Pyaldor peak



पर्यटकहरू / Tourists



गणेश कुण्ड / Gnaesh Kunda



कालो दह / Kalo Daha



स्याच्र्यापाङ / Shyarchyapang



रुवी भ्यालीमा पाइने झारल / Himalayan tahr



बर्लु / सुनपाती धुपी / Anthopogan



तामर / सेतो गुराँस / White Rhododendron



गुराँसको बन/ Rhododendron Forest



चिमल / Chimal



रातो गुराँस / RHODODENDRON



**च्याम्रादेवी** / Chamra Devi



**घले दरवार / ब्राकरजो** / Brakarjo



**प्याल्दोर डाँडा** / Pyaldor



**गोठेन** / Gothen



**ल्हादेन** / Lhaden



**शिव मुर्ती** / Shiva Statue



परम्परागत हुक्का / Traditional Hukkah



धागो काट्दै / Making Threads



म्हेन्दोमाया नाच / Mhendomaya Dance



कपडा बुन्ने परम्परागत सीप / Traditional Skill



खेती गर्दै / Farming



तिप्लीङ होमस्टे/ Tipling Homestay



स्थानीय परिकार / Local Food



लिङ्जो होमस्टे/ Lingjo Homestay



छ्यर्राजो चौरी गोठ / Chhyarrajo Goth



अर्गानिक आलु / Organic Potato

## जरूरी सम्पर्क नम्बरहरू

**रामसिंह तामाङ**
अध्यक्ष
९८५१२१२१६८

**फेलामा तामाङ**
उपाध्यक्ष
९७४९४६४६७६

**गाउँपालिका प्रहरी**
प्रहरी सहायक निरीक्षक (असई)
**सिमोन थापा तामाङ**
९८६९१०५५३१

**शिक्षा शाखा**
९८४५४७२६४१

**कृषि शाखा**
९८४०३५५३५०

**पशु शाखा**
९८६०१३६३१०

**सेर्तुङ चौकी**
९८५१२७८६१९

**एम्बुलेन्स - चालक**
**मुक्तान तामाङ**
९८४८०९५४७९

## Important Contact Numbers

**RAMSINGH TAMANG**
Chairperson
9851212168

**PHELAMA TAMANG**
Vice-Chairperson
9749464676

**Rural Municipality Police**
Assistant Sub Inspector (ASI)
**SIMON THAPA TAMANG**
Contact 9869105531

**Education Branch**
9845472641

**Agriculture Branch**
9840355350


**Animal branch**
9860136310

**Sertung Police Station**
9851278619

**Ambulance - Driver**
**Muktan Tamang**
9848095479

### शन्दर्भ सामाग्री


१) सेर्तुङ गा.वि.स. अभिलेख २०६६
२) सेर्तुङ एक झलक २०५७, मानछिरिङ तामाङ
३) आँखु क्षेत्रका तामाङ जाति २०६१, मानछिरिङ तामाङ
४) गोम्जा रिग्चेन
५) केन्द्रीय तथ्याङ्क विभाग
६) www.rubivalleymun.gov.np
७) www.cbs.gov.np
८) www.mofaga.gov.np








## रुवी भ्याली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल
rubyvalleymun2017@gmail.com
www.rubivalleymun.gov.np


प्रवर्द्धक
Himalayan Social Journey